आर्थिक वर्ष २०७७/७८ को

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्या
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# आर्थिक ऐन, २०७७

## दुर्गाथली गाउँपालिका

बझाङ जिल्ला

सुदुरपश्चिम प्रदेश

२०७७

## दुर्गाथली गाउँपलिकाको आर्थिक ऐन, २०७७

**दुर्गाथली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** दुर्गाथली गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दुर्गाथली गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि दुर्गाथली गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः दुर्गाथली** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) :**दुर्गाथली गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः**दुर्गाथली गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवनजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले उन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तु हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेवापत अनुसुची ५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **विज्ञापन करः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः**दुर्गाथली गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुरः**दुर्गाथली गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

११. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि दुर्गाथली गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसुचि -१

( नियम २ सँग सम्बन्धित )

आर्थिक वर्ष २०७७।०७८ मा तपशिल बमोजिमको घरजग्गा कर लगाइनेछ ।
दुर्गाथली गाउँपालिका क्षेत्रभित्र रु.५० देखि रु. २५० सम्म घरजग्गा कर लगाइनेछ ।
वर्गीकरण

(क) कच्ची घर भएको रु. ५०।००
(ख) टिनले छाएको घर रु. १००।००
(ग) पक्की घर रु २५०।००

अनुसुचि -२

( नियम ३ सँग सम्बन्धित )

दुर्गाथली गाउँपालिका क्षेत्र भित्र निम्न बमोजिमको दरले मालपोत कर लगाइनेछ ।

**खेत तर्फः**

| क्र.स. | जग्गाको किसिम | ५ रोपनी सम्म प्रति रोपनी (रकम रु.) | ५ रोपनी भन्दा माथि प्रति रोपनी (रकम रु.) |
|---|---|---|---|
| १ | अब्बल | ५।०० +५ | ६।०० |
| २ | दोयम | ४।०० +४ | ५।०० |
| ३ | सिम | ३।०० +३ | ४।०० |
| ४ | चाहर | २।०० +२ | ३।०० |

**पाखो तर्फः**

| क्र.स. | जग्गाको किसिम | ५ रोपनी सम्म प्रति रोपनी (रकम रु.) | ५ रोपनी भन्दा माथि प्रति रोपनी (रकम रु.) |
|---|---|---|---|
| १ | अब्बल | ४।०० +४ | ५।०० |
| २ | दोयम | ३।०० +२ | ४।०० |
| ३ | सिम | २।०० +२ | ३।०० |
| ४ | चाहर | १।०० +१ | २।०० |

नोट १ रोपनीमा ५०८.७४ वर्ग मीटर
जरिवाना साविक बमोजिम लिइनेछ ।

अनुसुचि -३

( नियम ४ सँग सम्बन्धित )

दुर्गाथली गाउँपालिका भित्र कसैले घर भाडामा लगाएमा घर भाडा रकमको १०%(दश प्रतिशत) कर लगाइनेछ ।

अनुसुची -४

(नियम ५ सँग सम्बन्धित)

दुर्गाथली गाउँपालिका भित्र तपशिल बमोजिमको दरमा व्यवसाय कर लगाइनेछ ।

| क्र.स. | **व्यवसाय दर्ता दस्तुर** | **रकम रु.** |
|---|---|---|
| १ | चिया पसल कर | ५००।०० |
| २ | खुद्रा पसल कर | १०००।०० |

| | | |
|---|---|---|
| ३ | होलसेल पसल कर | ३५००।०० |
| ४ | पानी घट्ट कर | २५०।०० |
| ५ | चक्की मिल कुटानी पिसानी र पेलाइ | १५००।०० |
| ६ | घुम्ती व्यापारी कर | ५००।०० |
| ७ | विद्दुत शुल्क पेल्टी सेट | ५००।०० |
| ८ | विद्दुत शुल्क १० किलो बाट माथि | १००००।०० |
| ९ | मेडिकल कर | २५००।०० |
| १० | पोल्टी फर्म | २०००।०० |
| ११ | गहना पसल | २५००।०० |
| १२ | व्युटि पार्लर तालिम सहित | १५००।०० |
| १३ | घुम्ती भाडा पसल | ५००।०० |
| १४ | आयुर्वेदिक औषधी पसल | ५००।०० |
| १५ | सिलाइ कटाइ तथा टेलरिङ्ग मेसिन | ५०००।०० |
| १६ | इलेक्ट्रोनिक सामाग्री पसल | ३०००।०० |
| १७ | फलफुल पसल | ५००।०० |
| १८ | पुस्तक पसल, स्टेशनरी खेलकुद सामाग्री पसल | १०००।०० |
| १९ | होटल व्यवसाय | ३०००।०० |
| २० | फोटोग्राफी फोटो व्यवसाय | १५००।०० |
| २१ | माछा मासु पसल | १०००।०० |
| २२ | फर्निचर चथा काष्ठ व्यवसाय | २०००।०० |
| २३ | मोटर पार्टस र ग्रील उद्योग | २०००।०० |
| २४ | विज्ञ परामर्श इन्जिनियरिङ,कानुन व्यवसायी भेटनरी सेवा लगायतका अन्य सेवाहरु | १५००।०० |
| २५ | बन्दुक नविकरण | रु ५००।०० |
| २६ | सुचिकृत दर्ता दस्तुर | २००।०० |
| २७ | सभा कक्ष भाडा<br>क) आन्तरिक<br>ख) बाहय | <br>५००।००<br>१०००।०० |
| २८ | घ वर्गको निर्माण व्यवसाय दर्ता नयाँ<br>घ वर्गको निर्माण व्यवसाय नविकरण<br>घ वर्गको निर्माण व्यवसाय नविकरण थप दस्तुर<br>घ वर्गको निर्माण व्यवसाय इजाजतपत्र प्रतिलिपी | रु २००००।००<br>रु ५०००।००<br>रु २०००।००<br>रु १०००।०० |
| २९ | निजि विद्यालय दर्ता<br>निजि विद्यालय थप कक्षा अनुमती<br>निजि विद्यालय नविकरण दस्तुर | रु २००००।००<br>रु १००००।००<br>रु ५०००।०० |
| ३० | आधारभुत विद्यालय अनुमती सामुदायिक<br>माध्यामिक विद्यालय अनुमती सामुदायिक | रु ५०००।००<br>रु १००००।०० |
| ३१ | सहकारी संस्था<br>दर्ता<br>नविकरण<br>जरिवाना<br>प्रतिलिपी | <br>रु ५०००।००<br>रु २०००।००<br>रु १०००।००<br>रु ५००।०० |
| ३२ | विभिन्न शैक्षीक लगायत अन्य INSTITUTE | रु २०००।०० |

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसुचि -०५
(नियम ६ सँग सम्बन्धित)

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १ | कटुकीको जरा प्रतिकिलो | रु. २५०।०० |
| २ | पाषण वेद प्रति के जि | रु २००।०० |
| ३ | अमला प्रति केजि | रु ५।०० |
| ४ | चिराइतो प्रति के जि | रु ५।०० |
| ५ | सन्नुवा प्रति केजि | रु ५।०० |
| ६ | सिस्न प्रति केजि | रु ५०।०० |
| ७ | हाडे विस प्रति केजि | रु ५।०० |
| ८ | धुपी जडा प्रति केजि | रु ५।०० |
| ९ | दालचिनी | रु ५।०० |
| १० | भैसी निकासी तथा ओसारपसार प्रति भैसी | रु १०००।०० 2000/- |
| ११ | बाख्रा ओसारपसार प्रति बाख्रा | रु ५०।०० |

अनुसुचि -०६
(नियम ७ सँग सम्बन्धित)

गाउँपालिका क्षेत्र भित्र विज्ञापनका होडिङ्ग बोर्ड तथा पोष्टर आदि राखि विज्ञापन गरेमा सो वाफत कर दस्तुर निम्न बमोजिम हनेछ ।
होडिङ्ग बोर्ड तथा पोस्टर ३*६ वर्ग फिट सम्म रु ५००।०० र सो भन्दा माथि रु १०००।००

अनुसुचि -०७
(नियम ८ सँग सम्बन्धित)
बहाल बिटौरी बाफतको दस्तुर निम्न बमोजिम हुनेछ ।
दुर्गाथली गाउँपालिकाले आफै छाप्रे निर्माण गरेको हकमा मासिक रु ५००।००
व्यत्ति आफै अस्थायी छाप्रो टहरा निर्माण गरेकोमा प्रति वर्ग फिट मासिक रु ५ को दरले हुन आउने रकम

अनुसुचि -०८
(नियम ०९ सँग सम्बन्धित)
दुर्गाथली गाउँपालिका क्षेत्र भित्र उठाइने सेवा शुल्कको दर निम्नानुसार हुनेछ ।

| क्र.स. | सेवा शुल्क शिर्षक | शुल्क दस्तुर रकम रु. |
|---|---|---|
| १ | नाता प्रमाणीत एवम अन्य प्रमाणीतहरु | ५००।०० |
| २ | चार किल्ला प्रमाणीत | ५००।०० |
| ३ | नागिरकता सिफारिस | १००।०० |
| ४ | नागरिकता अंगिकृत सिफारिस | १०००।०० |
| ५ | विद्दुत मिटर जडान सिफारिस | ५००।०० |
| ६ | संस्था दर्ता शुल्क<br>संस्था दर्ता नविकरण | ५०००।००<br>१०००।०० |
| ७ | घर रजिस्टेसन सिफारिस | ३००।०० |

| | | |
|---|---|---|
| ८ | साना घरेलु उद्योग दर्ता सिफारिस | ३०००।०० |
| ९ | पर्यटन शुल्क | रु १००।०० |
| १० | खानेपानी मुल दर्ता | ५००।०० |
| ११ | सिचाइ मुल दर्ता | २०००।०० |
| १२ | तिब्बत जाने अनुमति सिफारिस | ५००।०० |
| १३ | साधारण सिफारिस | १००।०० |
| १४ | घर जग्गा नामसारि | ५००।०० |
| १५ | योजना अन्तिम भुक्तानि<br>रु १ लाख सम्म सिफारिस दस्तुर<br>रु १ - ५ लाख सम्म सिफारिस दस्तुर<br>रु ५ देखि १० लाख सम्म सिफारिस<br>रु १० लाख भन्दा माथि | <br>१००।००<br>२००।००<br>५००।००<br>१०००।०० |
| १६ | अंशबण्डा सिफारिस | ५००।०० |
| १७ | वैदेशिक कामका लागि सिफारिस<br>भारत<br>भारत बाहेक अन्य देश | <br>२००।००<br>५००।०० |
| १८ | गरिवि विपन्न सिफारिस | १००।०० |
| १९ | सम्पन्नता सिफारिस<br>रु ५ लाख सम्म<br>रु ५ लाख वा सो भन्दा माथी | <br>१०००।००<br>२०००।०० |
| २० | व्यवसाय संघ संस्था आदी नामसारी सिफारिस | १०००।०० |
| २१ | बैक काउन्टर खोल्ने बार्षिक<br>क वर्गको बैंक<br>अन्य वित्तिय संस्था<br>सहकारी संस्था<br>IME अन्य | ५०००।००<br>१००००।००<br>७५००।००<br>२०००।००<br>१०००।०० |
| २२ | छात्रवृति सिफारिस | १००।०० |
| २३ | जागिर सिफारिस | ५००।०० |
| २४ | कच्ची घर भत्काउने | १००।०० |
| २५ | अन्य सिफारिस | १००।०० |
| २६ | जन्म मृत्यु विवाह वसाईसराई (३५ दिन सम्म निशुल्क) जरिवाना | ५००।०० २००। प्रति लिपि शुल्क २००।- |
| २७ | अविवाहित प्रमाणित | १००।०० |
| २८ | वकस पत्र | ५००।०० |
| २९ | अपुतालि सिफारिस | ५००।०० |
| ३० | सर्जमिन मुचुल्का सिफारिस (प्राकृतिक विपद मा निशुल्क ) | ५००।०० |
| ३१ | मिलापत्र दस्तुर दुवै पक्ष | ५००।०० |
| ३२ | गैर सरकारी संस्था नविकरण | १०००।०० |
| ३३ | प्रति ट्राली ढुंगा गिट्टि संकलन<br>प्रती ट्राली बालुवा संकलन<br>प्रती ट्राली माटो संकलन | रु ५५०।००<br>रु. ७५०।००<br>रु. ५००।०० |
| ३४ | प्रति कट्टा गिट्टि संकलन<br>प्रती कट्टा बालुवा संकलन<br>प्रती कट्टा माटो संकलन | रु १०।००<br>रु १५।००<br>रु ५।०० |
| ३५ | कृषक समुह/पशु समुह दर्ता शुल्क | रु १०००।०० |

३६ भाडा व्यवसाय सञ्चालन सिफारिस २५००।-

| | | |
|---|---|---|
| | नविकरण | रु ५००।०० |
| ३७ | भ्याकु लोडर भाडा<br><br>भ्याकु लोडर भाडा | रु ३५००।०० प्रति घण्टा इन्धन सहित<br>रु २५००।०० प्रति घण्टा इन्धन बाहेक |
| ४४ | एम्बुलेन्स सेवा(७५ वर्ष माथिका जेष्ठ नागरिक, पुर्ण अपाङ्गता भएको (क वर्ग) र प्रेषण भएका गर्भवती आमालाइ निशुल्क हुनेछ ।) | गाउँपालिका भित्र<br>क. चौधारी – बुङ्गा रु.५००।००<br>ख. चौधारी – बाजकाडा रु. १०००।००<br>ग. चौधारी – सैन रु.१५००।००<br>घ. चौधारी – भलाने / जाफ्री रु. १५००।००<br>ङ. चौधारी – चुवावन रु. १८००।००<br>च. चौधारी – रकैल रु. १५००।००<br>छ. चौधारी – मौलाली रु. ७००।००<br>ज. चौधारी – ओलीगाउँ रु. ५००।००<br>झ. चौधारी- जुजिभित्र (वडा नम्बर १,२ र ४ भित्रको गाउँपालिका आसपास क्षेत्र) रु. ५००।००<br>ञ. चौधारी- देउलेक वडा नम्बर ३ रु. १०००।००<br>बझाङ्ग जिल्ला भित्र<br>क. चौधारी – चैनपुर रु. २०००।००<br>ख. चौधारी – देउरा रु. २०००।००<br>ग. चौधारी – झोता रु. १०००।००<br>घ. चौधारी-देउलेक विथ्थड रु. ४५००।००<br>बझाङ्ग जिल्ला बाहिर<br>क. चौधारी – डडेल्धुरा रु. ६५००।००<br>ख. चौधारी- धनगढी रु. ११०००।००<br>ग. चौधारी – महेन्द्रनगर रु. १२०००।००<br>घ. चौधारी – कोहलपुर रु. १६०००।००<br>ङ. चौधारी – नेपालगन्ज रु. १७०००।००<br>च. चौधारी – काठमाण्डौ रु. ४००००।००<br>छ. चौधारी - चितवन रु. २६०००।००<br>साथै विरामि ३ घण्टा भित्र फिर्ता भएमा फर्किएको भाडा लाग्ने छैन अन्यथा तोकिए बमोजिम फर्किएको भाडा लिइनेछ । |